तेजाब वा अन्य घातक रासायनिक पदार्थको गैरकानूनी उत्पादन, निकासी, पैठारी वा बिक्री वितरण गर्नु दण्डनीय अपराध हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com

NITCO
TILES MARBLE MOSAICO
Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ फागुन १५ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 February 27 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क १८३

# पर्साका पाँच पालिकामा काङ्ग्रेसको निर्वाचन

## ठोरीमा श्रेष्ठ र पर्सागढीमा विश्वमोहन विजयी

प्रस, वीरगंज, १४ फागुन/

पर्सा जिल्लाका पाँचवटा पालिकामा शनिवार नेपाली काङ्ग्रेसको सभापतिको लागि निर्वाचन भएको छ भने एउटा पालिकाको मात्र परिणाम सार्वजनिक भएको छ। शनिवार बिहान ९ बजेदेखि मतदान हुने भनिए पनि कतै ११ बजे कतै दिउँसो ४ बजेदेखि मतदान शुरू भएको थियो।



वीरगंज महानगरमा बिहान ११ बजेदेखि मतदान भयो र साँझ ६ बजे सकियो । ५२४ जना मतदाता रहेको वीरगंज महानगरको सभापतिमा दीपेन्द्र चौहान, राधेश्याम चौरसिया र मणिन्द्रलाल श्रेष्ठ उम्मेदवार छन् ।

मतगणना बेलुकी ८ बजेदेखि हुने बताइएको छ ।

यहाँको परिणाम आइतवार दिउँसो आउन सक्ने अनुमान गरिएको छ ।

**बलिराम शुक्ल, बिरूवागुठी/**

बहुदरमाई नगरपालिकामा नेपाली काङ्ग्रेसको नगर अधिवेशनका लागि निर्वाचन सम्पन्न भएको छ ।

१३५ जना मतदाता रहेको नगरपालिकामा १२९ जना मतदाताले मतदान गरेका थिए ।

साँझ ७ बजेसम्म ४० प्रतिशत मतदान सकिएको र राति परिणाम आउन सक्ने निर्वाचन अधिकृत अशोक साहले बताए।

पर्सागढी नगरपालिकामा दिउँसो ४ बजेदेखि साँझ ६ बजेसम्म दुई घण्टा मतदान भयो ।

शुक्रवार तीनजनाले उम्मेदवारी दिए पनि आज एकजना जङ्गबहादुर चौधरीले उम्मेदवारी फिर्ता लिए।

सहमतिको लागि अधिकतम प्रयास गरिएकोले आजको निर्वाचन निर्धारित समयमा हुन नसकेको हो । निर्वाचनमा १४५ जना मतदातामध्ये १४२ जना सहभागी भए । मतगणनामा निवर्तमान अध्यक्ष विश्वमोहन दास थारू ८६ मत ल्याएर विजयी भएका छन् । उनका निकटतम प्रतिद्वन्द्वी घनश्यामप्रसाद चौधरीले ५६ मत ल्याए। उपसभापतिमा अच्छेलाल यादव र आत्माराम अधिकारी विजयी भएका छन् ।

बहुदरमाईमा नेपाली काङ्ग्रेसको देउवा पक्षबाट सभापतिमा रामानन्दराउत अहिर र कोइराला पक्षबाट डा प्रमोद कुशवाहा उम्मेदवार छन् ।

**धर्मेन्द्र चौरसिया, पोखरिया/**

नेपाली काङ्ग्रेस पोखरिया नगरको नगर सभापतिमा दुईजना उम्मेदवार छन्। रामबाबू चौहान, कोइराला पक्ष र लक्ष्मन साह कानु, देउवा पक्षबाट चुनाव लडिरहेका छन् । दुवैजना पोखरिया नगरपालिकाका वडाध्यक्ष हुन् ।

१४६ मतदाता रहेको पोखरियामा १४० जनाले मतदान गरेका थिए । मतगणना रातिदेखि शुरू हुने र परिणाम बिहानसम्म आउन सक्ने अनुमान गरिएको छ ।

**माधव तिमिल्सिना, ठोरी/**

नेपाली काङ्ग्रेस ठोरी गाउँपालिकाको सभापतिमा मीनबहादुर (सन्तोष) श्रेष्ठ विजयी भएका छन् ।

८० जना मतदातामध्ये ७९ जना मतदानमा सहभागी भएका र सोमध्ये श्रेष्ठले ४६ र उनका प्रतिद्वन्द्वीले ३१ मत ल्याएका थिए । अध्यक्ष पदमा दुई मत बदर भयो । उपाध्यक्षमा पनि श्रेष्ठकै प्यानल विजयी भएको छ ।

केदारबहादुर देउवा, हस्तबहादुर डुमजन, सचिवमा थीर सिंह, भक्तबहादुर श्रेष्ठ, सहसचिवमा राजकुमार श्रेष्ठ, सालिकराम आचार्य विजयी भएको निर्वाचन अधिकृत रामबालक यादवले बताए ।

सदस्य पदमा १३ जना हिजै निर्विरोध भएका थिए । मतदानमा सबैभन्दा बढी जनजातिबाट महिला सदस्य पोक्सीमाया श्रेष्ठले ६९ मत पाइन् । खसेको मतभन्दा १० मत मात्र उनले गुमाइन् ।

# बाराको वन क्षेत्रबाट काठ चोरी तस्करी

प्रस, निजगढ, १४ फागुन/

बाराको राष्ट्रिय वन क्षेत्रबाट हरियो ठाडो सालको रूखको चोरी तस्करी बढेको छ ।



राष्ट्रिय वन क्षेत्रबाट चोरले काटेको हरियो सालको रूख । तस्वीरः प्रतीक

दुई साताअघि तामागढी सबडिभिजन वन कार्यालय निजगढको वन क्षेत्रभित्र रहेको राजमार्ग हुँदै कोल्हवी जाने सडकदेखि करीब दुई सय मिटरभित्रबाट दुईवटा सालको रूख ढालेर गोलिया चोरी भएको डिभिजन वन कार्यालय, बाराले जनाएको छ ।

यही फागुन ४ गते राति करीब ८ बजे पिकअप भ्यानसहित गोलिया चोरी तस्करी भइरहेको विशेष सूचना पाएलगत्तै सशस्त्र वन सुरक्षाकर्मीलाई सम्भावित वन क्षेत्रको नाकामा परिचालन गरे पनि काठ लोड गरिएको नम्बर खुल्न नसकेको शङ्कास्पद पिकअप भ्यान कोल्हवीस्थित झुरझुरे प्रहरी चौकीको सडक हुँदै रौतहटको विजयपुरतर्फ गएको आशङ्का बाराका वन सुरक्षाकर्मीहरूको छ ।

सूचना पाउने बित्तिकै कोल्हवीको झुरझुरे नाका कुरेर बसेको र त्यही समय आउँदै गरेको पिकअप भ्यानलाई वन कर्मचारीले रोक्न खोजे पनि नरोकी फरार भएको तामागढी सब डिभिजन वन कार्यालय कोल्हवीका इन्चार्ज अब्दुल करिमले बताए । रौतहटको विजयपुरसम्म मोटरसाइकलमा पिछा गर्दै गए पनि राति दुधिअवा पुग्नै थाल्दा बसका कारण पछि पर्दा सो पिकअप भ्यान भागेपछि यकीन हुन नसकेको उनले बताए। चौबाटोमा पुगेकोले कुन बाटो गयो, ठम्याउन सकिएन, हामी मोसामा दुईजना मात्रै भएकोले पनि रातको समयमा चाहे जसरी खोज्न नसकेको इन्चार्ज अब्दुलको भनाइ छ।

तामागढी सब डिभिवजन वन कार्यालय, निजगढको कार्यालयबाट करीब चार किलोमिटर निजगढ तामागढी–कोल्हवी सडकखण्डको तीन नम्बर घोलदेखि करीब चार सय मिटर दक्षिण–पूर्वतर्फको वन क्षेत्रबाट १० गिन्डामध्ये एक गिन्डा छोडी नौ गिन्डा गोलिया तस्करी भएको घटनास्थलमा

(बाँकी अन्तिम पातामा)

## छोटकरी

### हत्या आरोपमा छोरा पक्राउ

प्रस, पोखरिया, १४ फागुन/

कालिकामाई गाउँपालिकामा छोराले आमाको हत्या गरेको छ । कालिकामाई गापा–१ मुर्ली निवासी ३० वर्षीय जीतेन्द्रप्रसाद चौरसियाले ६० वर्षीया आमा पार्वती देवीको शनिवार बिहान साढे १० बजे हत्या गरेका थिए। उनले आमासँग भएको विवादमा आज बिहान घाँटी थिचेर हत्या गरेको इप्रका, पोखरियाका प्रहरी निरीक्षक दीपक थापाले बताए।

प्रनि थापाले प्रहरीलाई दिउँसो १ बजे जानकारी भएको र अभियुक्त चौरसियालाई पक्राउ गरी अनुसन्धान अगाडि बढाएको जानकारी गराए ।

# नौजना महिलासहित २३४ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, १४ फागुन/

पर्साका तीन स्थान र बाराको एक स्थान गरी शनिवार चार स्थानमा आयोजित रक्तदान कार्यक्रममा नौजना महिलासहित २३४ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्रमुख सौरभराज पाण्डेले बताए।




तस्वीरः प्रतीक




तस्वीरः प्रतीक



समाज परिवर्तन नेपाल वीरगंज–१३ राधेमाईमा आयोजित रक्तदान कार्यक्रममा एक महिलासहित ४१ जनाले रक्तदान गरेका थिए ।

मनुई चौधरी, प्रमोद महतो, जीतन पटेल, भोला यादव, अरविन्द साह, नितेश सिंहलगायत ४१ जनाले रक्तदान गरेको पाण्डेले बताए ।



तस्वीरः सौजन्य

यसैगरी, वीरगंजको घण्टाघरमा नेपाल रेफ्रिजरेशन एन्ड इलेक्ट्रो मेकानिकल सङ्घ पर्साको आयोजनामा भएको रक्तदान कार्यक्रममा ६१ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका राजन श्रीवास्तवले बताए ।

मुकेश साह, शेख जमसेद, बलिराम साह, अमित यादव, मनोज साह, राजन लामा, आशिष गुप्ता, गोपी साह, तबरेज अन्सारी, अशोक माली, अजय सिंह, राधेश्याम तिवारीलगायतले रक्तदान गरेको श्रीवास्तवले बताए ।

यसैगरी, ब्रह्माकुमारी राजयोग सेवा केन्द्र, छपकैयामा आयोजित रक्तदान कार्यक्रममा आठजना महिलासहित ५० जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक धीरेन्द्र झाले बताए ।

अमिता श्रेष्ठ, अर्चना गुप्ता, अनिल चौरसिया, करण साह, अखिलेश यादव, सुनील यादवलगायतले रक्तदान गरेका थिए ।

यसैगरी, अनेरास्ववियु बारा जिल्ला कमिटीले सिमरा चोकमा आयोजना गरेको रक्तदान कार्यक्रममा ८२ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक डिल्लीमाया घिमिरेले बताइन् ।

## जग्गा बिक्रीमा

**सिमराजीतपुर नपा नरबस्ती (साबिक पिपरासिमरा–२ घ) कित्ता नं. ४०७ को पूर्व–पश्चिम मोहडा २५ फिट र उत्तर–दक्षिण लम्बाइ ६० फिट भएको ८ धुर घडेरी तुरुन्त बिक्रीमा छ ।**
**सम्पर्क– ९८५११२५३२७, ९८४५०३३३२५**

## विचारसार र सूक्तिहरू

**मानवको अन्तःकरण नै ईश्वरको वाणी हो ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# एमसिसी अस्वीकार गर्ने कि नेतृत्वको द्वैध आचरण ?

समयान्तर



ओमप्रकाश खनाल
omkhanal@gmail.com

**अमेरिकी सहयोगका अन्तरविरोधमा अहिलेसम्मको मौनता र अहिले अचानक राष्ट्रवादको प्रकटीकरण बच्कना र कमजोर कूटनीतिको प्रकटीकरण हो । अमेरिकी सहयोगका अन्तर्यमा देखिएका विरोधाभासमा बारम्बार भूमिका र बोली फेरिनुको मतलब यसलाई नेतृत्वले राष्ट्रहितको दृष्टिकोणबाट होइन, आफ्नो स्वार्थको आँखाबाट मात्र हेरिराखेको छ ।**

अहिले अमेरिकी सहयोग परियोजना (एमसिसी)को चर्चा र चासो चरम उत्कर्षमा छ। एमसिसीको विषयलाई लिएर अहिले सत्ता गठबन्धनका दलदेखि नागरिक तहसम्म मत विभाजित छ । यसका विरोधीले जबरजस्ती लाद्न खोजेको तर्क गरिराखेका छन् । पक्षधर एमसिसी नेपालकै आग्रहमा नेपाल भित्रिएको र योविना नेपालको विकास अघि बढ्नै नसक्ने भने जसरी महिमामण्डन गरिराखेका छन् ।

एमसिसी हठात सतहमा आएको विषय होइन । एमसिसी नेपाल ल्याउने प्रक्रियाका घटनावाली केलाउने हो भने सबै प्रमुख राजनीतिक दल सहभागी देखिन्छन् । रोचक के भने अहिले केही दल विगतमा आफैंले अघि बढाएको एमसिसीको विपक्षमा सडक र सदन दुवैतिर उफ्रिइराखेका छन्। यो मामिला यति गिजोलियो कि हुँदाहुँदा उत्तर छिमेक चीनसमेत यसमा तानिएको छ। अमेरिका र चीनबीच वाक प्रतिस्पर्धा नै सतहमा आयो ।

अझ उदेकलाग्दो कुरा त के भने दाताको एउटा सामान्य सहयोग स्वीकार गर्ने कि नगर्ने भन्ने विषय सत्ताको भविष्यसँग जोडिएको विषय बन्दैछ। यो परियोजना पारित गर्न असहयोग गरेमा सत्ता गठबन्धन नै धरापमा पर्ने र सत्ता समीकरण परिवर्तनसम्मका खेलका परिदृश्य प्रकट भइराखेका छन्। एउटा सहयोग ग्रहण गर्ने वा नगर्ने विषय सत्ताको भविष्यसँग सरोकार राख्दछ भने हाम्रो राजनीतिक हैसियत र राष्ट्र कति सार्वभौम सम्पन्न रहेछ, यो दृष्टिकोणबाट आजसम्म कसैले सोचेकोसम्म पनि छ कि छैन ? एमसिसी पास होला/नहोला, यो प्रकरणले राष्ट्रवादका ठूलठूला गफ हाँक्ने राजनीतिको असली हैसियत पुनः एकपटक सतहमा छताछुल्ल भएको छ।

माओवादी केन्द्र र एकीकृत समाजवादीको टेकोमा प्रधानमन्त्री बनेका शेरबहादुर देउवा जसरी पनि एमसिसी पास गराउने कसरतमा छन्। यतिसम्म कि यो प्रकारणमा सहयोग नगरे प्रचण्ड र माधव नेपालको दललाई सरकारबाट हटाउने धम्की दिइसकेका छन् । पाँच वर्ष प्रतिपक्षमा बस्ने जनादेश पाएका देउवा माओवादी र समाजवादीकै काँधमा चढेर प्रधानमन्त्री बने पनि सत्ता सहयात्रीलाई नै सत्ताबाट हटाइदिने धम्की दिने आधार के हो ? मुख्य प्रतिपक्षी एमालेका अध्यक्ष केपीशर्मा ओलीसँग बढेको हिमचिम नै देउवाको बलको आधार बनेको छ । आफैं प्रधानमन्त्री हुँदा पहिलोपटक सदनमा दर्ता गराएको एमसिसीमा ओली दोधारे कुरा गरिराखेका छन्। ओली यसलाई यतिखेर आफ्नो राजनीतिक दाउपेचको हतियार बनाउन उद्यत देखिनुले पनि ओलीको बदनियत प्रस्टै हुन्छ ।

सत्ता सहयात्रीले असहयोग गरेपछि दिनहुँ ओली भेट्न बालकोट पुग्ने गरेका देउवा प्रचण्ड र माधव नेपाललाई सत्ताबाट बाहिर पठाउने चेतावनी दिइराखेका छन् । यसले प्रचण्ड–माधव खेमामा खैलाबैला छ। एक दिनअघिसम्म एमसिसी पारित गर्न सहयोग पनि नपुर्‍याउने र सत्ता पनि नछोड्ने अडान कस्ने प्रचण्ड यतिखेर एमसिसी पास गरेर गठबन्धन जोगाउने उपायको खोजीमा छन् । प्रचण्डको अस्थिर प्रवृत्ति समकालीन राजनीतिमा कति प्रत्युत्पादक बनिआएको छ भन्ने त मन्थनको अलग, तर अनिवार्य विषय बन्न सक्दछ ।

सत्तामा बस्ने र सरकारले ल्याएको प्रस्ताव पारित हुन दिन्नौं भन्नु नैतिकरूपमा पतित आचरण हो। सत्ता, सदन र सडकमा देखाइने बहुरूपी प्रचण्ड चरित्र त राजनीतिक अस्थिरताको मानक नै हो। एउटा व्यक्ति प्रचण्डको अस्थिर मनोविज्ञानले त्यति फरक पार्दैन । तर देशको मुख्य राजनीतिक दलको शीर्ष नेता, त्यो पनि सत्तामा मुख्य साझेदारी रहेको नेतृत्वको अधैर्य र पीपलपाते पाराको पीडा देशले उठाइराखेको छ । एमसिसी पास हुनुहुँदैन भन्ने लागेको हो भने त्यसको सशक्त प्रतिवादका लागि सत्तामैं टाँसिनु आवश्यक छैन । प्रस्ताव पारित हुन पनि दिन्नँ, सत्ता पनि छोड्दिनँ भन्नु त सत्ता लोलुपताको पराकाष्ठा नै हो । आफ्नै रोहबरमा सदनमा प्रस्ताव दर्ता हुन दिने, उता सडकमा कार्यकर्ता उतार्ने शैली राजनीतिक रमिताबाहेक केही होइन। कतिसम्म भने समयसीमा तोकेर यो दिनसम्म एमसिसी पास गर्दिन्छौं भनेर चिठी पठाउने, यता चर्को आलोचना गरेर प्रखर राष्ट्रवादी देखिने प्रयत्नले प्रचण्डको असली चरित्र पुनः प्रकट भएकोमा विवाद आवश्यक छैन। बचाउमा जे भनिए पनि यो उनको द्वैध आचरणको थप संस्करण मात्रै हो ।

एमसिसी हठात आएको विषय होइन। २०६८ सालमा तत्कालीन माओवादी नेता डा बाबुराम भट्टराई प्रधानमन्त्री र वर्षमान पुन अर्थमन्त्री हुँदा नेपाल एमसिसीका लागि छनोट भएको हो। २०७० पुसमा मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मी र अर्थमन्त्री शङ्कर कोइराला रहेका बेला विज्ञ समूह गठन भयो। २०७१ माघमा नेपाली काङ्ग्रेसका सभापति सुशील कोइराला प्रधानमन्त्री र अर्थमन्त्री डा रामशरण महत भएका बेला एमसिसीले नेपाललाई छनोट गरेको थियो। २०७३ साउनमा प्रधानमन्त्री केपी शर्मा ओली र अर्थमन्त्री विष्णु पौडेल रहेका बेला कम्प्याक्टको मस्यौदा गर्न प्राविधिक अनुदान स्वीकार गर्ने सम्झौता भयो। २०७४ जेठमा माओवादी प्रचण्ड प्रधानमन्त्री र कृष्णबहादुर महरा अर्थमन्त्री रहेका बेला एमसिसीसँग सम्झौताको वार्ता टोली गठन हुन पुग्यो। २०७४ साउनमा शेरबहादुर देउवा प्रधानमन्त्री र ज्ञानेन्द्रबहादुर कार्की अर्थमन्त्री रहेका बेला एमसिसी कम्प्याक्ट सम्झौतामा हस्ताक्षर भयो ।

सम्झौतामा हस्ताक्षर गर्ने र अहिले संसद्मा अनुमोदनका लागि पेश गर्ने व्यक्ति एकै भएका छन्। प्रचण्डले अर्थमन्त्रीलाई संसद्मा अनुपस्थित गराएपछि कानूनमन्त्री रहेका कार्कीले संसद्मा प्रस्ताव पेश गर्ने संयोग निर्माण भयो । यसअघि केपी शर्मा ओली प्रधानमन्त्री रहँदा सरकारले एमसिसी सम्झौता संसद्मा टेबल गरेको थियो । २०७५ माघ २५ गतेको मन्त्रिपरिषद् बैठकको स्वीकृति अनुसार तत्कालीन अर्थमन्त्री डा युवराज खतिवडाले ३० असार २०७६ मा संसद्मा दर्ता गरेका थिए । उल्लिखित घटनाक्रमको तात्पर्य, अहिलेका शीर्षस्थ सबै नेता कुनै न कुनै कालखण्डमा एमसिसीलाई अघि बढाउन लागेका छन्। अहिले उनीहरूको भूमिका किन शङ्कास्पद देखिएको छ ? एउटै एमसिसी किन कुनै बेला विकासको आधार र कुनै बेला राष्ट्रघात हुन गएको छ ? दोष दाताको होइन, खोट त हाम्रै नेताको नियतमा खोज्नुपर्ने भएको छ।

दाताका आआफ्नै स्वार्थ हुन्छन्। हामीले कसैलाई केही दिन्छौं भने बदलामा केही पाउने स्वार्थ अवश्य राख्दछौं। यो सामान्य मानवीय स्वभाव हो भने विश्व शक्तिमा उदाउने र टिकिराख्ने होडमा प्रतिस्पर्धा गरिराखेका देशका स्वार्थ पनि विशिष्ट हुने नै भए। हामी आफैं मित्र राष्ट्रलाई आफ्नो हितका विषयमा सहमत गराउने ल्याकत नराख्ने अनि संसद् र सडकमा रमिता देखाउने ? यो गाईजात्राले देश र जनताप्रतिको दायित्व कदापि पूरा हुन सक्दैन। हामीले दाता राष्ट्रलाई आफ्ना प्राथमिकता स्पष्ट पार्न सक्नुपर्दछ । र त्यस प्रतिकूल सहयोग अस्वीकार गर्नुपर्दछ।

अमेरिकी सहयोगका अन्तरविरोधमा अहिलेसम्मको मौनता र अहिले अचानक राष्ट्रवादको प्रकटीकरण बचकना र कमजोर कूटनीतिको प्रकटीकरण हो । अमेरिकी सहयोगका अन्तर्यमा देखिएका विरोधाभासमा बारम्बार भूमिका र बोली फेरिनुको मतलब यसलाई नेतृत्वले राष्ट्रहितको दृष्टिकोणबाट होइन, आफ्नो स्वार्थको आँखाबाट मात्र हेरिराखेको छ। चीन र भारतजस्तो विशाल शक्तिको बीचमा रहेको हामीले चीन, भारत र अमेरिकाको स्वार्थलाई राष्ट्रिय हितको दृष्टिबाट किन हेर्न सक्दैनौं ? किन हामी कुनै छिमेकीको आँखाले मात्र विश्व राजनीतिलाई हेर्न उद्यत हुन्छौं ? यस्ता प्रश्नको सापेक्ष समाधान जबसम्म नेतृत्वको माथिङ्गलमा छिर्दैन, यस्ता विडम्बनाको पुनरावृत्ति भइराख्नेछ ।

एमसिसीलाई स्वीकार गर्ने कि नगर्नेभन्दा पनि बढी महत्त्वको विषय यस्ता द्वैध चरित्रका नेताहरूलाई स्वीकार गर्ने कि नगर्ने ? यस्ता स्वार्थी अगुवाको इशारामा परिचालित हुने हाम्रो मनोविज्ञानलाई स्वीकार गर्ने कि नगर्ने ? यो चालाले हामीलाई कतातिर लैजाँदैछ ? एमसिसीभन्दा मुख्य सरोकारको विषय यो पो हुनुपर्ने हो ।

# खेलकूदलाई अतिरिक्त होइन, शिक्षाको मूल विषय बनाइन्छ –मन्त्रालय

काठमाडौं, १४ फागुन/रासस

खेलकूदलाई अतिरिक्त क्रियाकलाप मात्र भन्ने बुझाइ, सोच र चिन्तनमा ठूलो परिवर्तनको खाँचो औंल्याइएको छ।

खेलकूदलाई अब शिक्षाको मूल विषय बनाएर आयआर्जनसँग जोड्न र व्यावसायिकतातर्फ उन्मुख गराउनुपर्ने टड्कारो आवश्यकता देखिएको छ। युवा तथा खेलकूद मन्त्रालयका सचिव डा दामोदर रेग्मीले सरकार, समाज, विद्यालय र घरपरिवारमैं खेलकूदप्रतिको बुझाइ, सोच र व्यवहारमा परिवर्तनको खाँचो औंल्याए ।

राष्ट्रको इज्जत, प्रतिष्ठा र गौरव भनिए तापनि खेलकूद क्षेत्रलाई समाजमा बाटो बिराएको विधाका रूपमा हेरिने गरिएको छ। अध्ययनभन्दा खेलमा रुचि देखाउने बालबालिकालाई घरपरिवारमात्र होइन, विद्यालय र समाजबाट समेत नकारात्मक भाव राख्ने प्रवृत्ति कायम नै छ। यस्ता चेतनाले खेलकूदको विकास र विस्तारमा अवरोध खडा गरेको छ। उनले भने, “खेलकूदप्रतिको बुझाइमा

(बाँकी तेस्रो पातामा)

# यौगिक जीवनशैली

आधुनिक जीवनशैलीको अस्तव्यस्त र भागदौड जिन्दगीले मनुष्यको अगाडि अनेकौं सङ्कट उत्पन्न गरेको छ । यी सङ्कटमध्ये सबैभन्दा महत्त्वपूर्ण र चिन्ताजनक सङ्कट हो– स्वास्थ्यको । अस्थिरता, अधीरता, चिन्ता, अवसाद, क्रोध, निराशा, द्वेष जस्ता सयकडौं मनोविकारलाई विकृत जीवनशैलीले जन्म दिएको छ । यी विकारको एउटा सुनिश्चित प्रभाव शारीरिक स्वास्थ्यमाथि पनि पर्छ। अतः शारीरिक र मानसिक स्वास्थ्यको सुरक्षाको केन्द्र यदि खोज्छौं भने त्यो हो– एउटा सन्तुलित जीवनशैली। प्राचीन ऋषिले यसलाई यौगिक जीवनशैलीको रूपमा सम्पूर्ण स्वास्थ्य र सर्वाङ्गीण विकासको लागि आवश्यक बताएका थिए । वर्तमानमा जुन पनि समस्या छ, ती सबैको समाधान यौगिक जीवनशैलीमा सन्निहित छ ।

श्रीमद्भागवतगीता योगविद्या एउटा महान् ग्रन्थ हो । यसमा वर्णित यौगिक जीवनशैलीमा आध्यात्मिक उत्कर्षको सूत्रको साथसाथै सबै मनोशारीरिक व्याधिको समाधानको उपाय समाहित छ। भारतीय मनोविज्ञानको दृष्टिले त यो मनोविकारलाई टाढा गर्ने सर्वोत्कृष्ट ग्रन्थ हो। स्वास्थ्यको सन्दर्भमा श्रीमद्भागवतगीताको बहुआयामी महत्त्वलाई हेर्दै देव संस्कृति विश्वविद्यालयका योग एवं स्वास्थ्य विभाग अन्तर्गत एउटा विशेष शोधकार्य सम्पन्न गरिएको थियो । यो शोधकार्य सन् २०१७ मा पूर्ण गरिएको थियो। यस अध्ययनको विषय थियो– श्रीमद्भागवतगीतामा वर्णित चिन्ता, अवसाद निराकरणको यौगिक उपाय– एक विवेचनात्मक अध्ययन । यस सैद्धान्तिक एवं विवेचनात्मक अध्ययनमा कुल छवटा अध्याय छन् ।

**प्रथम अध्याय हो– चिन्ता एवं अवसादको अवधारणा ।** यस अन्तर्गत श्रीमद्भागवतगीतामा वर्णित चिन्ता एवं अवसादको स्वरूपको विवेचना गरिएको छ । गीताको प्रारम्भमा नै अवसाद–विषाद एवं चिन्ताले भरिएको छ । चिन्तालाई तनावको एउटा सामान्य प्रतिक्रिया मानिएको छ । बढी चिन्ता गर्नाले व्यक्ति दुश्चिन्ताको शिकार हुन्छ। गीताको प्रारम्भमा अर्जुन कुरुक्षेत्रको मैदानमा युद्धको लागि उभिएर जब अगाडि आफ्नै आफन्त, सम्बन्धी, प्रियजनलाई हेर्छन्, तब उनीभित्र गहिरो विषाद प्रकट हुन्छ। र उनी चिन्तित एवं अवसादग्रस्त हुन्छन् ।

मनोवैज्ञानिकले चिन्ताको जति प्रकार र लक्षण बताएका छन्, ती सबै त्यति बेला अर्जुनको चिन्तित अवस्थामा देखिन्छ। जस्तै– अङ्ग शिथिल हुनु (थकान), मुख सुक्नु (इच्छाशक्तिमा कमी), कम्पन, रोमाञ्च (हर्ष वा भय), गाण्डीव धनुष खस्नु (पलायनवादी), त्वचामा जलन (जलन), मन भ्रमित अथवा विभ्रम, भावुकताको वशमा हुनु । यी सबै लक्षण युद्ध क्षेत्रमा अर्जुनमा प्रकट भइरहेको थियो, जुन उनको चिन्ता एवं अवसादग्रस्त मनःस्थितिलाई परिलक्षित गर्छ ।

**द्वितीय अध्याय छ– श्रीमद्भागवतगीताको प्राचीनता एवं महत्त्व ।** यस अन्तर्गत श्रीमद्भागवतगीताको ऐतिहासिक पृष्ठभूमि, महत्त्व, गीतामा जीवनमूल्यको स्वरूप एवं यस महान् ग्रन्थको वर्तमान समयमा प्रासङ्गिकताको विवेचना गरिएको छ । इतिहासकारको गणनामा ३१०० ईसापूर्व सर्वप्रथम ऋषि वेदव्यासले १०० पर्वको रूपमा एक लाख श्लोकको ग्रन्थ महाभारतको रचना गरेका थिए । श्रीमद्भागवतगीता पनि यस महाकाव्यको भीष्म पर्वमा सामेल छ । यस ग्रन्थको महत्त्व मुख्यतः दुई रूपमा सम्झाइएको छ– (१) आध्यात्मिक महत्त्व र (२) चिकित्सकीय महत्त्व ।

आध्यात्मिक दृष्टिले गीतामा सम्पूर्ण वेद, उपनिषदको सार सङ्ग्रह संलग्न छन् । यसले जीवात्मालाई परमात्मासँग मिलाउन एवं आन्तरिक चेतनालाई विराट चेतनामा विकसित गर्ने ज्ञान प्रस्तुत गर्छ । यसमा कर्म, विचार र भावको उत्कर्ष एवं परमलक्ष्य प्राप्तिको सहज एवं यौगिक उपाय बताइएको छ ।

चिकित्सकीय दृष्टिले श्रीमद्भागवतगीता प्राचीन समयमा मानवीय समस्याको नैदानिक विधा रहेको थियो । यसको उपदेशले जीवनका विभिन्न घुम्ती, विषमतम परिस्थितिमा, अनेक प्रकारले विकारग्रस्त भएपछि व्यक्तिलाई सही मार्गदर्शन गर्छ। यसका साथै यसले त्याग, प्रेम, सेवा, भक्ति, विश्वास, कर्तव्य, धर्म, नीति आदि सन्दर्भमा जीवनमूल्यको शिक्षण पनि प्रदान गर्छ। जीवनका प्रत्येक आयाममा समन्वय स्थापित गर्नाले नै यसको अत्यन्त प्रासङ्गिकता बनेको छ ।

**तृतीय अध्याय हो– श्रीमद्भागवतगीतामा चिन्ता एवं अवसादबाट उत्पन्न समस्या ।** यस अन्तर्गत शोधार्थीले गीता अनुसार शारीरिक, मानसिक र भावनात्मक समस्याको विस्तृत विवेचना गरेका छन्। प्रकृतिका तीन गुणको आधारमा गीतामा तामसिक, राजसिक र सात्त्विक– तीन प्रकारका व्यक्तित्वको चर्चा छ। तामसिक र राजसिक प्रकृतिका व्यक्तित्वको विवेचनामा नै चिन्ता एवं अवसादबाट उत्पन्न भएका समस्याको वर्णन गरिएको छ। भनिएको छ तमस् प्रकृतिको व्यक्ति अधीर, अभिमानी, असत्यभाषी, अहङ्कारी, सम्मानको लागि उद्विग्न, अतिकामुक, क्रोधी र दुःखी हुन्छन् ।

श्रीमद्भागवतगीतमा चिन्ता र अवसादबाट उत्पन्न समस्यालाई आसुरी सम्पदाको लक्षणको रूपमा बताइएको छ । जसमा शारीरिक, मानसिक एवं भावनात्मक–विभिन्न प्रकारका समस्या प्रकट हुन्छन् । जस्तैः व्यर्थ आशा, व्यर्थ कर्म, व्यर्थ ज्ञान, विक्षिप्त चित्त भएको अज्ञानीजन राक्षसी, आसुरी र मोहिनी प्रकृतिलाई धारण गरिएको हुन्छ ।

**चतुर्थ अध्याय हो– श्रीमद्भागवतगीतामा चिन्ता एवं अवसाद निराकरण र यौगिक उपाय ।** यस अध्यायमा कर्मयोग, भक्तियोग, ज्ञानयोगद्वारा क्रमशः आसक्तिबाट मुक्ति, भाव परिष्कार र विवेक जागरणको विवेचना विस्तारले गरिएको छ। गीतामा जीवनमा आउने सबै साना–ठूला सङ्कटका कारण आसक्तिलाई बताइएको छ। यो आसक्ति संसारका सबै व्यक्तिलाई हुन्छ, जसबाट व्यक्ति चिन्ता र अवसादग्रस्त हुन्छन्।

यस्तो दशाबाट मुक्तिको लागि गीतामा कर्मयोगको विवेचन छ । कर्मयोगले मानवलाई कुशलतापूर्वक कार्य गर्न शिक्षा दिन्छ। कुशलतापूर्वक अर्थात् आसक्तिलाई त्यागेर तथा परिणामको विषयमा नसोची कार्य गर्नु ।

व्यक्तिमा श्रद्धा जागेपछि उसका शोक, चिन्ता, निराशा, द्वन्द्व, कुण्ठा सबै समाप्त हुन्छन् र व्यक्ति आदर्श अनुरूप बन्दै जान्छ। गीतामा ईश्वरप्रति सम्पूर्ण समर्पण र श्रद्धाबाट मुक्ति भावप्रधान मार्गलाई भक्तियोग भनिएको छ । भक्तियोगको मूल तत्त्व श्रद्धा, विश्वास र समर्पण भनिएको छ ।

ज्ञानयोगको मान्यतामा व्यक्ति अज्ञान एवं मायाको कारण आफ्नो आत्मस्वरूपबाट विमुख भएर, वास्तविकतालाई अनुभव गर्दै अनेक प्रकारका समस्याले घेरिन्छ। यसको लागि गीतामा ज्ञानयोगद्वारा विवेक जागरणको प्रक्रिया बताइएको छ । विवेक जाग्रत भएपछि जीवात्मा स्वयम्लाई परमात्माको अविनाशी अंश अनुभव गर्दै निर्द्वन्द्व भावबाट ईश्वरसमर्पित कार्यलाई गर्दै परमलक्ष्य प्राप्त गर्छ ।

**पञ्चम अध्याय हो– श्रीमद्भागवतगीतामा उपलब्ध यौगिक उपायको मानवजीवनमाथि प्रभाव ।** यस अन्तर्गत व्यक्तिमा निष्काम कर्मको भावनाको विकास, ‘समत्वं योग उच्यते’को भावनाको विकास र स्थितप्रज्ञताको अवस्थालाई विस्तृत विवेचन गरिएको छ । गीतामा यौगिक जीवनशैलीको सन्दर्भमा भनिएको छ आहारविहारलाई प्रकृति अनुकूल राख्नु। प्रतिदिनको कार्यलाई संयमित र नियमित राख्ने, सम्पूर्ण कर्मलाई कुशलतापूर्वक गर्ने । शयन–जागरण, सुषुप्ति–स्वप्न आदिको अवस्था नियमित एवं समायोजित होस् । यस योगमय दिनचर्याबाट समस्त रोग, दुःख नाश हुन्छन् ।

गीतामा निष्काम कर्मयोगको माध्यमबाट कर्मको फल वा परिणामको आसक्ति छाडेर आफ्नो कर्मलाई कर्तव्यपूर्ण निष्ठाका साथ गर्न उपदेश दिइएको छ। आसक्तिलाई त्यागेर तथा सिद्धि र असिद्धिमा समान बुद्धिवाला भएर योगमा स्थित भई कर्तव्य कर्मलाई गर्नु नै गीतामा समत्वं योग उच्यतेको भावना हो । गीता अनुसार यौगिक जीवनशैलीको परम आदर्श हुन्छ– स्थितप्रज्ञताको अवस्थालाई प्राप्त गर्नु । स्थितप्रज्ञको तात्पर्य शाश्वत जीवनसँग हुन्छ । यो जीवनमुक्त अवस्था हो । स्थितप्रज्ञ सर्वज्ञ र सर्वशास्त्रवेत्ता हुन्छ । यसले समस्त जीवमा ईश्वरको भाव वा आत्मभाव देख्छ ।

**षष्ठ अध्याय हो– उपसंहार ।** यस अन्तर्गत शोधार्थीले समस्त अध्यायको सार–सङ्क्षेप प्रस्तुत गर्दै शोधको निष्कर्ष प्रस्तुत गरेका छन् । यस अध्ययनको महत्त्व निकै प्रासङ्गिक छ। गीता कालजयी ग्रन्थ हो । यसको समग्रतामा कर्मद्वारा चित्तशुद्धि, भक्तिद्वारा भावशुद्धि र ज्ञानद्वारा संस्कार शुद्धिको उपाय दिइएको छ ।

वर्तमानमा यसको महत्त्व यस कारण पनि बढी छ, किनभने आधुनिक मानव निश्चय नै आन्तरिक द्वन्द्वबाट उद्विग्न एवं अशान्त छ तथा यो अन्तर्द्वन्द्व नै उसको समग्र मनोवैज्ञानिक जीवनको अपूर्णताको कारण हो ।

समग्र व्यक्तित्वको निर्माणको लागि कर्मको सक्रियता एवं सुनियोजित गीताको शाश्वत सन्देश हो ।

चिन्ता, अवसाद जस्तो मनोविकृति सामूहिक समस्या बनिसकेको छ– यस्तोमा गीताको यौगिक जीवनशैलीले उचित र सार्थक समाधानको मार्गदर्शन गर्दै जीवनको परम विकासलाई प्रेरणा प्रदान गर्छ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## रूसी आक्रमणको निन्दा गर्ने प्रस्ताव विफल

संयुक्त राष्ट्रसङ्घ, १४ फागुन/एएफपी
युक्रेनविरुद्ध रूसको 'आक्रमण'लाई अत्यन्तै कडा शब्दमा विरोध गर्दै रूसी आक्रमणको प्रक्षेपण गर्ने राष्ट्रपति भ्लादिमिर पुटिनको निर्णयको निन्दा गर्ने अवसर दिएको छ। सहप्रायोजन गरे।

संयुक्त राष्ट्रसङ्घका लागि बेलायतका राजदूत बार्बरा वुडवर्डले



संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को बैठकको दृश्य। तस्वीरः एएफपी

फौज तुरुन्त फिर्ता लिन माग गरिएको सङ्कल्प प्रस्ताव संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को बैठकबाट पारित हुन सकेन।

शुक्रवारको रूसको आक्रमणको विरोध गरिएको उक्त प्रस्तावलाई रूसले भिटो लगाएका कारण विफल भएको हो।

रूसी आक्रमणको गम्भीर निन्दा गरिएको सङ्कल्प प्रस्तावको पक्षमा सुरक्षा परिषद्का १५ मध्ये ११ देशले मतदान गरेका थिए। प्रस्ताव पारित हुनका लागि नौ देशको मत परेको भए हुने थियो। तर रूसले भिटो प्रयोग गरेर प्रस्ताव विफल पारेको हो।

रूससहित अमेरिका, बेलायत, फ्रान्स र चीन सुरक्षा परिषद्का स्थायी सदस्य हुन् र उनीहरूमाथि भिटो शक्ति छ। रूसले आफ्नो निन्दा गरिएको प्रस्ताव विफल पार्नका लागि भिटो प्रयोग गरेको हो। प्रस्तावमाथि मतदान हुँदा भारत, चीन र युएई अनुपस्थित रहेका थिए।

संयुक्त राज्य अमेरिका र अल्बेनियाद्वारा सहलेखन गरिएको यस प्रस्तावमा परिषद्का १५ सदस्यमध्ये ११ जनाले मतदान गरेका थिए भने चीन, भारत र संयुक्त अरब इमिरेट्सले सहभागिता जनाएनन्।

परिषद्को स्थायी सदस्यको रूपमा मस्कोको भिटो शक्तिको कारण यो प्रस्तावना असफल हुने निश्चित प्रायः थियो। तथापि यस बहसले सदस्य राष्ट्रहरूलाई रूसको छिमेकीविरुद्ध पूर्ण

मतदानपछि संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले युद्धले कसैलाई भलो नगर्ने जिकिर गर्दै भने, "सैनिकहरू आफ्नो ब्यारेकमा फर्कनुपर्छ र नेताहरू वार्ता र शान्तिको बाटोमा लाग्नुपर्छ।"

संयुक्त राष्ट्रसङ्घको मतदानपछि राष्ट्रसङ्घका लागि अमेरिकी राजदूत लिन्डा थोमस–ग्रीनफिल्डले भनिन्, "म एउटा कुरा स्पष्ट पार्न चाहन्छु। रूसले प्रस्तावलाई भिटो गर्न सक्छ, तर उसले हाम्रो आवाजलाई भिटो गर्न सक्दैन। सत्यलाई भिटो प्रयोग गर्न सक्दैन। उसले हाम्रो सिद्धान्तलाई भिटो गर्न सक्छ तर युक्रेनी जनतालाई भिटो गर्न सक्दैन।"

प्रस्तावनामा बढी समर्थन जुटाउन मतदान हुनुभन्दा केही घण्टाअघि सुरक्षा परिषद्सामु राखिएको प्रस्तावना खाकामा रहेका शब्दलाई मतदान हुनुभन्दा केही घण्टा पहिले नरम बनाइएको थियो। जस्तै प्रस्तावनामा रहेको 'निन्दा' शब्दको ठाउँमा 'गम्भीर असहमति' गरिएको थियो र सदस्यहरूलाई शान्ति पुनर्स्थापना गर्न सैन्य कारबाही गर्न अनुमति दिन्छ भन्ने संयुक्त राष्ट्रसङ्घको बडापत्रको अध्याय सातको सन्दर्भलाई हटाइएको थियो।

उक्त प्रस्तावनाले युक्रेनको सार्वभौमिकतालाई पुनः पुष्टि गर्‍यो र रूसलाई 'तुरुन्तै युक्रेनविरुद्ध बलको प्रयोग बन्द गर्न' आह्वान गर्‍यो। अन्ततः ७० भन्दा बढी देशले यस प्रस्तावनाको

भनिन्, "गलती नगर्नुहोस्, रूस एक्लो छ। युक्रेनको आक्रमणलाई कसैको समर्थन छैन।"

रूसको आक्रमणलाई 'उत्तेजक र हठी' भनी वर्णन गर्दै हामीलाई यस पहिले नै जानकारी भएझैं यसले अन्तर्राष्ट्रिय प्रणालीलाई खतरामा पार्ने थोमस–ग्रीनफिल्डले बताए।

संयुक्त राष्ट्रसङ्घका लागि रूसी राजदूत भासिली नेबेन्जियाले उक्त प्रस्तावनालाई 'रूसी र युक्रेनीविरोधी' भनेर विरोध जनाए। उनले भने, "हामीलाई आक्रमणको सङ्ख्याको आधारमा अमेरिकासँग प्रतिस्पर्धा गर्न कठिन छ। तपाईंले नैतिकता कायम गर्न सक्नुहुन्न।"

युक्रेनी राजदूत सर्गिय किस्लित्स्याले सदस्यहरूलाई 'शान्तिको लागि प्रार्थना गर्न' आग्रह गर्दै केही समय शान्त बनेको सुरक्षा परिषद्को बैठक कक्षमा उभिएका थिए। उनले नेबेन्जियालाई पनि 'मुक्तिको निम्ति प्रार्थना' गर्न आग्रह गरेका थिए।

किस्लित्स्याले 'रूस नाजी शैलीको कार्यलाई निरन्तरता दिन उत्सुक रहेको' आरोप लगाउँदा सहभागी सदस्यहरूले व्यापकरूपमा ताली बजाएका थिए।

आफ्नो देशको अपनत्वमाथिको व्याख्या गर्दै चिनियाँ राजदूत झाङ जुनले नाटो विस्तारबारे उल्लेख गर्दै भने, "रूसको वैधानिक सुरक्षा आकाङ्क्षालाई ध्यान दिएर उचित सम्बोधन गर्नुपर्छ।" रासस

## ऊर्जा सङ्कटले श्रीलङ्कामा इन्धनको मूल्यवृद्धि

कोलम्बो, १४ फागुन/एएफपी
श्रीलङ्कामा ऊर्जा सङ्कट थप खराब अवस्थामा पुगेको भन्दै यहाँको सबैभन्दा



तस्वीरः एएफपी

ठूलो इन्धन आपूर्तिकर्तामध्ये एक कम्पनीले शनिवार इन्धनको मूल्य १२ प्रतिशतसम्म वृद्धि गरेको छ।

बजारमा एक तिहाइ हिस्सा रहेको इन्धनको खुद्रा आपूर्तिकर्ता लङ्का आइओसीले दिएको जानकारी अनुसार सार्वजनिक यातायातले प्रयोग गर्ने डिजलको मूल्य १२ प्रतिशत र पेट्रोल ११ प्रतिशतले बढेको छ।

यो वृद्धि तीन हप्ताअघि सात प्रतिशत मूल्यवृद्धिपछि भएको हो र यसले यस पहिले नै उच्च अवस्थामा पुगेको मुद्रास्फीतिको बढ्दो दबाबलाई थप्नेछ।

कोभिड–१९ महामारीको कारण प्रमुख विदेशी मुद्रा कमाउने पर्यटन क्षेत्र सङ्कटग्रस्त बनेपछि यो द्वीप आर्थिक सङ्कटको चपेटामा परेको हो।

सरकारले विदेशी मुद्रा बचाउने प्रयासमा मार्च २०२० मा व्यापक आयात प्रतिबन्ध लगाएको थियो।

अहिले मुलुकमा इन्धन, विद्युत्, सवारीसाधनका पार्ट्स, सिमेन्टलगायतको व्यापक अभाव भइरहेको छ। सुपरमार्केटहरूमा चामल, चिनी र दूध पाउडरलगायतका आधारभूत खाद्य पदार्थको अभाव देखिएको छ।

यस अभावले गर्दा गत महीना खाद्यान्न मुद्रास्फीति २५ प्रतिशत पुगेको र समग्र मुद्रास्फीति १६.८ प्रतिशत पुगेको छ।

राज्यद्वारा सञ्चालित सिलोन पेट्रोलियम कर्पोरेशन (सिपिसी)ले तत्काल ऊर्जा मूल्य संशोधन गरेको थिएन, तर यसका अधिकांश पम्पमा धेरै दिनदेखि इन्धनको अभाव थियो।

ऊर्जामन्त्री उदय गमन्पिलाले यस हप्ता इन्धनको अभाव कम हुने आशा गरेको घोषणा गरेका थिए, तर सिपिसीको घाटालाई नियन्त्रण गर्न तीव्र मूल्यवृद्धि आवश्यक रहेको चेतावनी दिएका थिए।

सिपिसीले नगद सञ्चार अभावको सामना गरेको र ३.५ अरब अमेरिकी डलरभन्दा बढी ऋण बोक्दै गरेको मन्त्री गमन्पिलाले बताए। गत वर्षको लागि सिपिसीको नोक्सान ४५ करोड अमेरिकी डलर भएको उनले जानकारी गराए।

उनले भने, "यस पहिले हामीलाई तेल आयात गर्न डलर कम थियो। अब हामीसँग डलर खरीदका लागि पैसा छैन।"

यसैबीच, इन्धनको मूल्यवृद्धिका कारण विद्युत्को उपयोगमा वृद्धि भएको छ भने विद्युत् उत्पादनका लागि इन्धनमा आश्रित थर्मल विद्युत् केन्द्रले उत्पादन खर्च बेहोर्न नसकेपछि केही थर्मल विद्युत् केन्द्र बन्द भएका छन्।

श्रीलङ्काले आफ्नो विद्यमान चिनियाँ ऋण चुक्ता गर्न बेइजिङबाट थप ऋण पनि मागेको छ, जुन देशको बाह्य ऋणको लगभग १० प्रतिशत रहेको छ।

विगतमा आधारभूत संरचना परियोजनाहरूका लागि अधिकारीहरूले चीनबाट भारी ऋण लिएका र यसमध्ये केही असुल भइसकेका छन्।

## समाजवाद निर्माणमा बौद्धिकहरूको भूमिकाबारे अन्तर्क्रिया

प्रस, वीरगंज, १४ फागुन/
समाजवादी बौद्धिक शिविर, पर्सा शाखाको आयोजनामा शनिवार



तस्वीरः प्रतीक

"समाजवाद निर्माणमा बौद्धिकहरूको भूमिका" विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो।

समाजवादी बौद्धिक शिविरका केन्द्रीय सचिव खेम विश्वकर्माले अन्तर्क्रियामा भने, "मुठीभर दलाल पूँजीपतिको कब्जामा विश्वको स्रोतसाधन, विज्ञान प्रविधि सबै रहेकोले अधिकांश मानिसलाई दुई छाक खान धौधौ भइरहेको कुरा भाग्यवादसँग जोडेर हेर्ने दृष्टिकोण अब बदलिन जरुरी छ। संसारमा १६ प्रतिशत मानिस भौतिकवादी अथवा नास्तिक विचारका छन्। भाग्यवादले मानिसहरूलाई काँतर, गुलाम तथा दास बन्न बनाउन अभिप्रेरित गर्छ, यसको ठीक उल्टो वैज्ञानिक भौतिकवादी दृष्टिकोणले जनहितमा समाजको राजनीतिक, आर्थिक तथा सांस्कृतिक परिवर्तन गर्न उत्प्रेरित गर्छ।"

कार्यक्रममा वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपालका केन्द्रीय सदस्य वैद्यनाथ श्रमजीवी, पर्सा संयोजक धनबहादुर श्रेष्ठ, शिविरको केन्द्रीय सचिव सञ्जीव सेन, प्रदेश नम्बर १ का संयोजक दुर्गेश विश्वकर्मा, पर्साका संयोजक डा अजय यादव, भागीरथी प्रकृति, सीता शर्मा पन्थी, रामनरेश यादव, राजकुमार श्रीवास्तव, हृदयमोहनलाल दास, साजन यादव, विजयराज सम्यक, अमुराल्लाह सम्यक, डा सञ्जय सम्यक, समाजवादी पार्टी लोहियाका केन्द्रीय अध्यक्ष नन्दन यादव, श्याम साह कानु, सचिदानन्द दुबेलगायतको सहभागिता थियो।

डा. अजय यादवको सहजीकरणमा सम्पन्न उक्त अन्तर्क्रिया कार्यक्रम अन्नपूर्ण पब्लिक कलेज गहवामाईको सभाहलमा सम्पन्न भएको थियो।

## वडासचिव गौतम रिहा

प्रस, निजगढ, १४ फागुन/
प्रहरीले पक्राउ गरेको निजगढ नगरपालिका–१ सिंगौलको वडा कार्यालयमा कार्यरत वडासचिव जीवन गौतमलाई शुक्रवार साँझ प्रहरीले आवश्यकता अनुसार पुनः अनुसन्धान गर्ने गरी छोडेको छ।

चार दिनअघि पक्राउ परेका निजगढ नपा–५ बस्ने अन्दाजी ३१ वर्षीय वडासचिव गौतमलाई १० दिनको म्याद थप गरी प्रहरीले अनुसन्धान गरिरहेको थियो। जिल्ला सरकारी वकीलको कार्यालय बाराले पक्राउ परेका व्यक्तिको मुद्दा जिल्ला अदालतले हेर्न नमिल्ने सो मुद्दा जिल्ला प्रशासन कार्यालयले हेर्ने भनी राय दिएपछि उनलाई शुक्रवार छोडी आवश्यक अनुसन्धानका लागि उपस्थित गर्न गराउन सकिने गरी आदेश भए अनुसार तत्कालका लागि निजलाई छोडिएको इलाका प्रहरी कार्यालय, निजगढका प्रमुख एवं प्रहरी निरीक्षक शङ्कर चौधरीले जानकारी दिए।

वडासचिव गौतमविरुद्ध महिलामाथि गम्भीर प्रकृतिको आरोप र अभद्र व्यवहार गरेको भन्दै निजगढ प्रहरीमा किटानी जाहेरी परेको थियो।

### खेलकूदलाई अतिरिक्त होइन.....

पछिल्ला समय केही परिवर्तन आए तापनि राज्यले खेललाई शिक्षासँग अझै जोड्न सकेको देखिन्न। शिक्षा प्रमुख, खेल अतिरिक्त भन्ने समाजको बुझाइमा सच्याउन जरुरी छ।"

शिक्षालाई जागीर खाने, व्यवसायमा प्रवेश गरी आर्जन गर्ने माध्यमका रूपमा बुझिन्छ भने खेलकूदलाई व्यक्तिविशेषका रुचिसँग मात्रै हेरिएको छ। अभिभावकले मात्र हैन शिक्षकले समेत खेलिरहेका बालबालिकालाई हप्काउने प्रवृत्तिले खेल क्षेत्रकै विकासमा बाधा अड्चन खडा गरेको छ। आफ्ना बालबालिका खेल विधामा प्रवेश गरेको भनी गौरव गर्ने अवस्था अझै समाजमा विकसित भइसकेको देखिन्न, जुन चिन्तनमा अब व्यापक सुधारको खाँचो छ।

शक्तिशाली र आर्थिक पाटोबाट समृद्ध मुलुकका उच्च ओहोदाका व्यक्तिको तुलनामा खेलाडीप्रतिको इज्जत, प्रतिष्ठा र सम्मान माथि छ। ब्रजील, जर्मनी, स्पेन, बेल्जियम, डेनमार्क, क्यामरून, अर्जेन्टिना, इटालीलगायतका मुलुकमा खेलाडीको हैसियत संसारका कुनै राजनीतिक खेलाडीभन्दा कमजोर छैन।

दक्षिण एशियाली मुलुककै कुरा गर्दा पनि यस क्षेत्रका क्रिकेटप्रतिको सम्मान कुनै राजनेताभन्दा बलियो छ। युरोपेली र अफ्रिकी देशमा फूटबल खेलाडीप्रति लोकप्रियता अझ शिखरमा छ। विश्व वरीयतामा रहेका क्रिकेट होस् वा फूटबल खेलका चर्चित खेलाडी युवा पुस्ताका लागि मात्र होइन, हाम्रै मुलुकका कयौं पुराना नेता फ्यान छन्। विश्वका प्रमुख खेलाडीको नाम अहिलेको युवा पुस्तामा मुखाग्र छ, तर त्यही देशका राजा, राष्ट्रपति वा प्रधानमन्त्रीको नाम जान्दैनन्, चिन्दैनन्। कुनै मुलुक विशेषभन्दा खेल, रङ्गशाला र मैदानको नाम कण्ठस्थ छ।

युवा तथा खेलकूदमन्त्री महेश्वरजङ्ग गहतराज बताउँछन्, "राज्यको उच्च प्राथमिकतामा राखिनुपर्ने खेलकूद क्षेत्रलाई आवश्यकताका आधारमा नभई दयाका आधारमा बजेट छुट्याइने गरेकोप्रति गम्भीर असहमति छ। खेलकूदप्रतिको बुझाइमा व्यापक परिवर्तन ल्याउनुपर्छ।" राजनीतिक दलले खेलाडीलाई सत्तामा पुग्ने भऱ्याङका रूपमा प्रयोग गर्दै आएको समेत आरोप छ।

मुलुकमा अरू क्षेत्र जस्तै खेलकूदमा पनि राजनीतिक हस्तक्षेप चुलिएका कारण प्रतिभाशाली खेलाडी अवसर प्राप्तिमा ओझेलमा पर्ने गरेको घटना सुनिँदै आएको छ। राजनीतिक हस्तक्षेपकै कारण कतिपय प्रतिभावान् खेलाडीको मनोबल घटाएको छ, कमजोर तुल्याएको छ।

खेलकूद विधामा लागेकै कारण हाम्रै कतिपय नेपाली खेलाडी विश्वमा कहलिएका छन्।

विभिन्न देशका रङ्गशाला हुन् वा खेल मैदानमा मुलुकको सान राष्ट्रिय झन्डा फहराउने र राष्ट्रिय गान घन्काउने अवसर खेल विधाले मात्रै प्रदान गर्दै आएको छ।

खेलकूदका लागि पूर्वाधार, प्रतिभाशाली खेलाडी छनोट र प्रतियोगिता आवश्यक शर्त मानिन्छ। खेल विधा र खेलाडीको महत्त्व समाजलाई मात्र होइन, सरकारलाई पनि बुझाउन जरुरी छ। मुलुकको खेलकूद क्षेत्रको बजेट विनियोजनको परम्परागत ढर्राले न खेल न त खेलाडीलाई नै प्रेरित गर्न सकेको छ। खेलकूद विधालाई आकर्षित गर्न यसलाई पेशा व्यवसाय बनाएर आयआर्जन गर्न सकिन्छ भन्ने मान्यता र मानसिकता स्थापित गर्न आवश्यक देखिएको छ।

विश्वका धेरै देशमा पर्यटक भित्र्याउने र आर्थिक उपार्जन गर्ने मुख्य माध्यम नै खेलकूद बनिरहेको छ। खेलकूदले मानिसलाई समूहमा काम गर्न र समयको महत्त्व सिकाउँछ। खेलकूदको विकासमा रेफ्री र प्रशिक्षकको पनि ठूलो हात रहन्छ। खेलकूद क्षेत्रमा लागेर आयआर्जन गरेको विगतमा हामीकहाँ उदाहरण नभए पनि पछिल्ला समय कयौं खेलाडी विभिन्न क्लबमा अनुबन्धन हुनु यस क्षेत्रका लागि सफल उदाहरण हो।

सचिव रेग्मी भन्छन्, "विद्यालयस्तरबाटै खेलकूद र पढाइलाई सँगसँगै लैजानुपर्छ। खेलकूदसँग सम्बन्धित विद्यालय, एकेडेमी र विश्वविद्यालय खोल्नुपर्छ। पढाइमा सबै विद्यार्थीको एउटै स्तर हुँदैन।

कुन कक्षाबाट कुन विद्यार्थीलाई कसरी खेलसँग जोड्ने भनी स्पष्ट नीति ल्याउनुपर्छ।" प्रतियोगिता र प्रतिस्पर्धा नहुँदा प्रयोग गर्न नपाएर विद्यार्थीबाट खेल्ने मात्र काम भएको बताउँदै उनले विद्यालय तहमैं खेलकूदका गतिविधि र प्रतिस्पर्धा बढाउन अब बालबालिकाका लागि खेल प्रतियोगिता हुनुपर्‍यो, त्यसका लागि मन्त्रालयले कार्ययोजना बनाउने तयारी गरेको छ।"

बालबालिका तहमैं खेलकूदलाई प्रवर्द्धन गर्ने हेतुले ओलम्पिकमैं पनि चिल्ड्रेन विधा जोडिसकिएको छ। मुलुकका बालबालिका र युवा जनशक्तिलाई खेलकूद क्षेत्रमा प्रेरित गर्न तलबभत्ता, पुरस्कार र पेन्सन सुनिश्चित गर्न सल्लाह दिइएको छ।

खेलकूद विधालाई शिक्षासँग आबद्ध गर्न, आयआर्जनका लागि पेशा/व्यवसायसँग जोड्ने तथा खेलकूद विद्यालय नै खोल्न विज्ञको सुझाव छ।

### आजको राशिफल

| | |
|---|---|
| मेष – आलस्यता | वृष – रोगभय |
| मिथुन – व्यापारवृद्धि | कर्कट – कडाश्रम |
| सिंह – कार्यनाश | कन्या – भयचिन्ता |
| तुला – मित्रमिलन | वृश्चिक – धनखति |
| धनु – सुयश | मकर – खर्चवृद्धि |
| कुम्भ – धनलाभ | मीन – सफलता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

घर निर्माण गर्दा निर्धारित मापदण्डको पालना गरौं, शहरको सौन्दर्यीकरणमा सहयोग गरौं।

वीरगंज महानगरपालिका

# एमसिसीविरुद्ध निजगढमा राप्रपाको मशाल जुलुस प्रदर्शन

प्रस, निजगढ, १४ फागुन/

मिलियन च्यालेन्ज कर्पोरेशन अर्थात् एमसिसीको विरोध गर्दै शनिवार राति निजगढमा मशाल जुलुस प्रदर्शन भएको छ।


तस्वीरः प्रतीक

राष्ट्रिय प्रजातन्त्र पार्टी प्रदेश 'क' का अध्यक्ष भक्तबहादुर दर्लामीको नेतृत्वमा राजमार्गको शहीद चोकबाट निस्किएको मशाल जुलुस बुद्धचोक हुँदै पुनः शहीद चोक पुगेर समापन भएको राप्रपाका केन्द्रीय युवा नेता विनोद भारतीले जानकारी दिए। सो विरोध प्रदर्शनमा दुई सयभन्दा बढी राप्रपाका नेता तथा कार्यकर्ताहरूले एमसिसीविरुद्ध चर्को नाराबाजी गर्दै 'एमसिसी चाहिंदैन, देश बेच्न पाइँदैन, गणतन्त्र धोका हो, राजा आऊ देश बचाऊ' जस्ता नारासमेत लगाएका थिए।

सो जुलुसमा सहभागी राप्रपाका केन्द्रीय युवा नेता विनोद भारतीले राप्रपा मुलुक, राष्ट्र, राष्ट्रियता र आम जनतालाई धोका हुने कार्यमा कहिल्यै सामेल नहुने र त्यस्ता कार्यलाई कदापि स्वीकार नगर्ने पार्टी रहेकोले केही राजनीतिक पार्टीका नेताहरूले एमसिसीको नाममा देशलाई धोका दिन थालेकाले यसको घोर भर्त्सना र विरोधमा राप्रपा अग्रस्थानमा डटेर अघि बढ्ने नेता भारतीले बताए।

# दिव्य बचतको साधारणसभा

प्रस, पोखरिया, १४ फागुन/

दिव्य बचत तथा ऋण सहकारी संस्था लिमिटेड बिरञ्चीबर्वाको पोखरियामा साधारणसभा सम्पन्न भएको छ।

साधारणसभाको जिल्ला बचत तथा ऋण सहकारी सङ्घ पर्साका अध्यक्ष राजेश तिवारीले उद्घाटन गरेका थिए।

उमेश चौहानको अध्यक्षतामा सम्पन्न साधारणसभामा शिक्षक उमेश तिवारी, सोनालाल राउत कुर्मी, उमेश बैठा, धर्मेन्द्र चौरसिया, उर्मिला पाण्डेलगायतले शुभकामना व्यक्त गरेका थिए। साधारणसभामा कोषाध्यक्ष बृजकिशोर चौहानले आय-व्यय प्रस्तुत गरेका थिए भने स्वागत जयनारायण कुर्मी र सहजीकरण रमाकान्त पटेलले गरेका थिए।


## तपाईं निम्नमध्ये कुनै विवाहको साक्षी त बनिरहनुभएको छैन ?

- बालविवाह
- अनमेल विवाह
- अनिच्छित विवाह
- बहुविवाह
- दाइजो विवाह
- दबाब विवाह

**विचार गर्नुस्,**

के तपाईं अपराध र अपराधीलाई सहयोग त गरिरहनुभएको छैन ? यी सबै विवाह सामाजिक र कानूनी अपराध हुन्।

नेपाल सरकार

**विज्ञापन बोर्ड**



Make your stay with us is a memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA

Exhilarating Hospitality

Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# खेलकुदको संसार

## वीरगंज तेस्रो मेयर कप खेलकूद आजबाट शुरू

प्रस, वीरगंज, १४ फागुन/

मेयर कप खेलकूद प्रतियोगिता शनिवारबाट शुरू भएको छ। वीरगंजको आदर्शनगर रङ्गशालामा शुरू भएको प्रतियोगिताको मधेस प्रदेशका खानेपानी तथा ऊर्जा विकासमन्त्री ओमप्रकाश शर्माले उद्घाटन गरेका थिए। उद्घाटन


तस्वीरः सौजन्य

समारोहमा संस्थागत तथा सामुदायिक विद्यालयहरूले मार्चपास गरेका थिए। मार्चपासमा जिएचपी मावि पहिलो, मनकामना मावि दोस्रो, सिद्वार्थ मावि तेस्रो भए। उनीहरूलाई प्रमुख अतिथिले पुरस्कार वितरण गरेका थिए।

उद्घाटन कार्यक्रमका अध्यक्ष वीरगंज महानगरपालिकाका प्रमुख विजयकुमार सरावगीले विद्यार्थीहरूलाई अध्ययन अध्यापनबाहेक अतिरिक्त क्रियाकलापमा पनि सहभागिता गराउने उद्देश्यले तीन वर्षदेखि मेयर कप खेलकूद प्रतियोगिता आयोजना गर्दै आएको बताए।

उनले खेलकूदका विभिन्न विधामा प्रतिस्पर्धा रहेको प्रतियोगिता एक महीनासम्म चल्ने जानकारी दिंदै विद्यार्थीहरूको अध्ययन पनि जारी नै रहेकोले त्यसलाई प्रभावित नहुने गरी प्रतियोगिता आयोजना गरिएको जानकारी गराए। उनले खेलकूदले व्यक्तिको शारीरिक र मानसिक स्वास्थ्य बलियो बनाउनुका साथै व्यक्तित्व विकासमा पनि सहयोग पुऱ्याउने बताए।

कार्यक्रममा प्रदेशसभा सदस्य करिमा बेगम, महानगरपालिकाकी उपप्रमुख शान्ति कार्की, महानगरका प्रमुख प्रशासकीय अधिकृत निश्चलराज पाण्डे, शैक्षिक प्रशासन महाशाखाका प्रमुख अरविन्दलाल कर्ण, प्याब्सन पर्साका अध्यक्ष पुरन प्रधान, एन-प्याब्सनका रामराज श्रेष्ठलगायतको सहभागिता थियो।

# पटेर्वासुगौली र जगरनाथपुरमा निश्शुल्क शिविर

प्रस, पंचगाँवा, १४ फागुन/

पटेर्वासुगौली गाउँपालिका-१ गदियानी मदर्सामा निश्शुल्क आँखा शिविर सम्पन्न भएको छ।



तस्वीरः प्रतीक

गापाको आर्थिक सहयोगमा वडापालिका-४ ले आयोजना गरेको निश्शुल्क आँखा शिविरमा वीरगंज सामुदायिक आँखा अस्पतालले प्राविधिक सहयोग गरेको थियो। वडाध्यक्ष फरमान मियाँले शिविरको उद्घाटन गरेका थिए। शिविरमा निमित्त प्रमुख प्रशासकीय अधिकृत भुजेन्द्रप्रसाद यादव, सहसेवा सीप विकास केन्द्र प्रालिका संयोजक सुस्मिता चौधरी, मुना तिवारी र पत्रकार चिरञ्जीवी यादव, प्रमोद यादवलगायतले मन्तव्य व्यक्त गरेका थिए।

शनिवार सम्पन्न शिविरमा साढे तीन सयजनाले आँखा परीक्षण गराएको र ५१ जनामा मोतीबिन्दु फेला परेको थियो। मोतीबिन्दु फेला परेकाहरूलाई सामुदायिक आँखा अस्पताल वीरगंजमा निश्शुल्क शल्यक्रिया गरिने सहसेवा सीप विकास केन्द्र, पटेर्वासुगौलीकी अध्यक्ष ललिता देवीले बताइन्।

**प्रस, वीरगंज/**

वीरगंज पब्लिक स्कूलको सहयोग तथा रोटरी क्लब अफ वीरगंजको आयोजनामा बिहीवार जगरनाथपुर गाउँपालिकाको नेराआवि सोहपुर सहरीमा निश्शुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ।

शिविरमा स्वास्थ्य सेवातर्फ ३५८ जना तथा आँखा सेवातर्फ १५७ जनाले उपचार गराएका थिए। शिविरमा बालरोग विशेषज्ञ डा आनन्दकुमार झा, दन्तरोग विशेषज्ञ डा प्रेरणा प्रियदर्शी झा, फिजिसियन डा शिवकुमार झा, स्त्रीरोग विशेषज्ञ डा नीता महर्जन झा, हाडजोर्नी विशेषज्ञ डा शाश्वतप्रसाद, नाक कान घाँटी विशेषज्ञ डा आमोद श्रेष्ठ तथा सर्जन आशिफ अन्सारीलगायतले स्वास्थ्य परीक्षण गरेका थिए।

यसैगरी, रोटरी क्लब अफ वीरगंजले अन्तर्राष्ट्रिय रोटरी क्लबको ११७औं वर्ष पूरा गरेको उपलक्ष्यमा सखुवाप्रसौनी गाउँपालिकामा निश्शुल्क स्वास्थ्य शिविर सम्पन्न गरेको छ।

शिविरमा छ सयजनाले स्वास्थ्य लाभ गरेका थिए।

शिविरको उद्घाटन रोटरीका डा दीपक शाक्यले गरे। उनले सबै बालबालिकालाई विद्यालय पठाउन अनुरोध गरे। शिविरमा मुकेश पाण्डे, अखिलेश प्रजापति, शान्ति श्रेष्ठ, नवीन, प्रतिमा, सम्झना, अमिता चौधरी, राहुल गुप्ताले सहयोग गरेका थिए।

कार्यक्रममा सखुवाप्रसौनीका राजन चौधरीले विशेष सहयोग गरेका थिए।

# टिकट मेशिन बिग्रिंदा सेवाग्राहीलाई समस्या

प्रस, सिम्रौनगढ, १४ फागुन/

सीमावर्ती भारतको घोडासहन रेलवे स्टेशनमा तीन दिनदेखि टिकट काउन्टर बन्द हुँदा सेवाग्राहीहरूलाई समस्या भएको छ।

यो स्टेशन भएर दैनिक १२ वटा रेल ओहोरदोहोर गर्छन्। त्यसका लागि टिकट किन्ने काउन्टरको मेशिन बिग्रिएकोले तीन दिनदेखि सेवा प्रभावित भएको हो। यो स्टेशन भएर सिम्रौनगढलगायतका क्षेत्रबाट नेपालीहरू पनि यात्रा गर्छन्।

उनीहरूलाई पनि अहिले समस्या भएको छ। रेलवे स्टेशनको टिकट काउन्टरमा रहेको मेशिन खराब भएकोले




समस्या भएको र यसबाट यात्रुहरू विनाटिकट यात्रा गर्नुपरेको तथा रेलवेलाई लाखौंको घाटा भइरहेको छ।

तीन दिनदेखि बिग्रिएको टिकट मेशिन आजसम्म बनेको छैन।

## बाराको वन क्षेत्र.....

ढालिएको रूखबाट खुल्न आएको देखिन्छ। त्यहाँबाट काठ चोर तस्करले हालको बजार मूल्य अनुसार तीन लाख ७५ हजार बराबरको ८५ क्यूफिट गोलिया लगेको देखिन्छ।

झट्ट हेर्दा वन सुरक्षाकर्मी र नाकामा रहेका प्रहरी चौकीका सुरक्षाकर्मीको मिलेमतोविना काठ चोरी तस्करी गर्न नसक्ने एक थरी वन सुरक्षाकर्मीहरूले अड्कल काटेका छनन्। यस घटनालाई मध्यनजर गर्दै डिभिजन वन कार्यालय बाराले एकजना जमदार, एकजना सशस्त्र वनरक्षक र दुईजना वनरक्षकसहित चारजनालाई तामागढी सब डिभिजन वन कार्यालय निजगढबाट अन्यत्र रेन्जपोस्ट र सबडिभिजनमा सरुवा गरेको छ। घटना भएको एक सातापछि उनीहरूलाई सरुवा गरेको डिवका बारा स्रोतले जनाएको छ। छिमेकी जिल्ला रौतहटको डिभिजन वन कार्यालय, जिल्ला प्रहरी कार्यालयसँग समन्वय गरी सो घटनामा संलग्न भएको चोरी तस्करी गिरोह, प्रयोग भएको पिकअप भ्यान र काठको गोलियाको व्यापक खोजी भइरहेको डिभिजन वन कार्यालय बाराका प्रमुख एवं डिएफओ मन्जुर अहमदले जानकारी दिए। विगतमा हुँदै आएका यस्ता प्रकृतिका काठ गोलिया चोरी तस्करी केही वर्ष नियन्त्रणमा आए पनि वनमा पुनः चोर तस्कर सक्रिय हुन थालेको बताए।

# हत्या आरोपमा महरा पक्राउ

प्रस, वीरगंज, १४ फागुन/

वीरगंज महानगरपालिका-८ गहवा निवासी दीपककुमार महरालाई हत्याको आरोपमा पर्सा प्रहरीले पक्राउ गरेको जानकारी गराइएको छ।

वीरगंज महानगरपालिका-१६ फूलवरिया टोलमा गाईगोठ सञ्चालन गर्दै आएका बारा फेटा गापा-४ निवासी प्रेमचन्द महराको हत्याको आरोपमा निजलाई पक्राउ गरेको प्रनाउ ओमप्रकाश खनालले जानकारी दिए। प्राप्त जानकारी अनुसार पक्राउ परेका दीपक लामो समयदेखि दूध लिने आउने क्रममा मृतककी पत्नीसँग सम्बन्ध बसेको र सो सम्बन्ध लुकाउनको लागि प्रेमचन्दको हत्या गरेको आरोप प्रहरीको छ।

प्रहरी स्रोतका अनुसार शुक्रवार बिहान दीपकले प्रेमचन्दलाई खुकुरी प्रहार गरी हत्या गरेको र निजको शव लुकाइराखेको अवस्थामा स्थानीयले खबर गरेपछि प्रहरीले उनलाई पक्राउ गरेको थियो। प्रहरीले मृतककी पत्नीलाई समेत अनुसन्धानका लागि नियन्त्रणमा लिएको समाचारमा जनाइएको छ।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
| --- | --- | --- | --- | --- |
| | | जानकारी आएन | | |